# “भगवतीमाई गाउँपालिका तथा विषयगत शाखावाट प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिता” सम्वन्धि सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## आ.ब. २०७४/२०७५

**पेश गर्ने**

युवा जनशक्ति विकास तथा परीचालन केन्द्र नेपाल दैलेख

**पेश गरिएको निकाय :**

भगवतीमाई गाउँपालिकाको

कार्यालय दैलेख

## १.पृष्ठभूमी :

नेपाल सरकारले जारी गरेको स्थानीय निकायका लागि सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ अनुसार स्थानीय निकायबाट संचालित विकास कार्यक्रम, बस्तु, सेवा, र सुविधाको प्रभावकारिता सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राहिले उठाएका जिज्ञासा, पिर मर्का, गुँनासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझाँवलाई पृष्ठपोषणको रुपमा ग्रहण गर्न तथा जिम्मेवारपूर्ण संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाई कार्यक्रमको महत्वपुर्ण भुमिका रहेको देखिन्छ । पछिल्ला दिनहरुमा बिकसीत हुँदै गएको र अनिवार्य लागु गर्नुपर्ने अभियान भित्र परेको सार्वजनिक सुनुवाईले धेरै परिवर्तनका पहलहरु भएको देखिन्छ ।

लामो समयदेखि रित्त रहेको स्थानीय तहमा अहिले जनप्रतिनिधिहरुमार्फत धमाधम बिकासका गतिविधिहरु संचालन भैरहेका छन् । कानुन नीति र नियम बन्न बाँकी रहेका कारण दैलेखमा रहेका बिभिन्न स्थानीय सरकारहरुले सुशासन र पारदर्शीताका अभियानहरु संचालन गर्न आनाकानी गरिरहेका बेला देस्रो चौमासिक अवधिसम्म नौमूले गाउँपालिकाबाट सम्पन्न बिकास गतिविधिहरुका बारेमा सार्वजनिक सुनुवाई गर्ने ७ वटा गाउँपालिका मध्ये भगवतीमाई गाउँपालिका दोस्रो गाउँपालिका बन्न सफल भएको छ ।

नेपालमा सुशासन स्थापनाका लागि जवाफदेहिता, पारदर्शिता र सूचनाको हकको महत्वका बारेमा निकै बहसको विषय बनेको छ । कानूनी शासनको प्रत्याभुति गर्नु, वडा र गाउँ बस्तिमा भएका बिकास गतिविधिहरुको बारेमा जनतालाई जानकारी गराउनु र जनताले गरेका गुनासाहरुको सम्बोधन गर्दै आगामी बर्षहरुमा थप प्रभावकारी बिकास गतिविधि गर्ने कार्यका लागि सार्वजनिक सुनुवाई महत्वपुर्ण सुशासनको औजारका रुपमा पर्दछ ।

सार्वजनिक बस्तु, सेवा र सुविधाहरुको गुणस्तर र प्रभावकारीताका बारेमा नागरिकहरुले भोगेका पिर, मर्का, गुनाँसा, प्रतिक्रियाहरुका साथै आगामी दिनमा बस्तु, सेवा र सुविधाको प्रबाहका लागि नागरिकहरुका रचनात्मक सुझाँव र सल्लाह संकलन मार्फत सेवामा प्रभावकारिता अभिवृद्धि गर्नु जरुरी देखिन्छ । यस सन्दर्भमा नेपाल सरकारले सुशासन ऐन, २०६४ तथा नियमावली, २०६५ जारी गरी सुशासन प्रवर्द्धनका निमित्त नीतिगत रुपमा विषयगत कार्यालय र स्थानीय निकायलाई यसको कार्यान्वयनका लागि अभ्यास गर्न अनिवार्य गरिरहेको छ साथै नागरिकहरुले सार्वजनिक सेवाको बारेमा जानकारी प्राप्त गर्न लागि सूचनाको हक सम्बन्धित ऐन २०६४ समेत जारी भै कार्यान्वयनमा समेत आएको छ ।

यस्ता बिषयहरुलाई मध्यनजर गर्दै भगवतीमाई गाउँपालिकाले संचालन गरेको सार्वजनिक सुनुवाई कार्यक्रमले विकास निर्माण कार्यमा नागरिकको अपनत्वको भावना विकास भएको छ । आपसी अविश्वास र वेमेलका सवालहरु न्यूनिकरण भएको छ ।

## २.कार्यक्रमको उद्धेश्य :

भगवतीमाई गाउँपालिकाले संचालन गरेका हरेक बिकास गतिविधिहरुमा देखिएका कमजोरीहरु हटाउँदै सुशासन र पारदर्शीता कायम गर्ने, जनताहरुले दिएका रचनात्मक सुझाव सल्लाहरुलाई गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने, दिगो बिकासमा जनप्रतिनिधि र जनता सँगसँगै कसरी सहकार्य गर्न सकिन्छ भन्ने बिषयहरु कार्यक्रमको मुख्य उद्धेश्य रहेका थिए । अन्य उद्देश्यहरु यस्ता  रहेका छन् ।

- गाउँपालिका लगायत अन्य विषयगत कार्यालयले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा खुला रुपमा छलफल/बहस गर्ने ।
- सम्बन्धित गुनासोहरु सुनुवाई गरी गुनासो व्यवस्थापन गर्ने ।
- स्थानीय सरकारले प्रदान गर्ने सेवा, सुविधाको प्रभाबकारिताका बारेमा पृष्ठपोषण लिने ।
- बार्षिक कार्यक्रमहरुको समिक्षा गरी भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासो र प्रश्नहरुको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने र सो को कार्यान्वयन गराउने ।
- नागरिकको सहि सुचना प्राप्त गर्ने हकको प्रत्याभुति गराउने ।
- जबाफदेहि सरकारको नागरिकलाई प्रत्याभुति दिलाउने ।
- समस्या सामाधानका उपायहरु खुल्ला मैदानमै खोजीने ।

## ३. सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

सुशासन ऐन, नियमावली र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ मा प्रावधान भएका नीतिगत प्रावधानहरुको अधिकतम् पालना एवं कार्यान्वयन गरी दोस्रो चौमासिक अवधिका कामहरुको बारेमा जानकारी सँगै सुनुवाई सम्पन्न गरिएको छ ।



भगवतीमाई गाउंपालीका अध्यक्ष श्री दान बहादुर थापा सार्वजनिक सुनुवाईमा आयका गुनासो तथ प्रश्नहरुको जवाफ दिदै

### क) सहजकर्ता छनौट तथा सम्झौताः

दैलेख जिल्लामा विगत ९ वर्ष देखि सुशासन र सामाजिक जवाफदेहिता प्रबर्द्धनको माध्यमद्धारा टेवा पुराउदै आएको युवा जनशक्ति विकास तथा परीचालन केन्द्र नेपाल दैलेखका सुशासन सहजकार्ता सि.पि.शर्मा र  धमाका राष्ट्रिय दैनिका सम्पादक बिष्णु शर्माले सार्वजनिक सुनुवाई कार्यक्रम सहजिकरण

गर्नुभएको थियो ।

**ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । ऐनमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने क्षेत्रीय, अञ्चल, जिल्ला र स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमूखले आफु बहाल रहेको कार्यालयको काम कारबाहिलाई स्वच्छ, पारदर्शि र बस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधि सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाई गर्दा विषयसंग सम्बन्धित विशषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्ने अनिवार्य व्यवस्था अनुसार सार्वजनिक सुनुवाईमा जिम्मेवार सबै निकायहरुको उपस्थिती गराईएको थियो ।

त्यसैगरी सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा गरी वर्षमा ३ वटा अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । सो नियमावलीले सार्वजनिक कार्यालयबाट सेवाग्राहीलाई दिईने बस्तु, सेवा सुविधाको जानकारी दिनुपर्ने, कार्यालयसंग सम्बन्धित समय, जनगुनासो तथा उजुरी संकलन गर्नु पर्ने, कार्यालयबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको बजेटको जानकारी दिनु पर्ने, सेवाका सकारात्मक तथा नकारात्मक प्रभावबारे सुझाब संकलन गर्नु पर्ने तथा पहिलो आयोजित सुनुवाईमा गरिएका प्रतिवद्धताहरु पुरा भए नभएका बारेमा नागरिकलाई जानकारी दिनुपर्ने व्यवस्था गरिए अनुसारका अन्य विभिन्न ऐन नियम र निर्देशिकामा उल्लेख गरिएका प्रावधानहरुको विस्तृत रुपमा अध्ययन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि कार्यविधिमा उल्लेख भएका विधि र प्रकियाहरुको पूर्णत पालना गर्दै कार्यक्रमलाई सहजिकरण गर्ने प्रयास गरिएको थियो ।

**ग) सार्वजनिक सुनुवाईको लागि सुचना तथा प्रचार प्रसार :**

सार्वजानिक सुनुवाई कार्यक्रमको जिल्ला भरका सवै नागरिकहरुलाई जानकारी र उपस्थितीका लागि एक हप्ता अगाडी देखिनै रेडियो ध्रुबतारा सामुदायिक एफ. बाट सूचना प्रसारण गरिएको थियो । आयोजक सस्था युवा जनशक्ति विकास तथा परीचालन केन्द्र नेपाल दैलेखले गाउँपालिकाका सवै वडा अध्यक्षहरु, उपभोक्ता समिति, नागरिक समाज, बुद्धिजिवी, सर्वसाधारण विषयगत कार्यालय तथा अन्य सरोकारवाला निकाय लाई अनिवार्य उपस्थितीका लागि पत्राचार तथा सुचना टांस गरेको थियो ।

**घ) समय र स्थान निर्धारण :**

सार्वजनिक सुनुवाई कार्यक्रमका लागि आयोजक र सहजकर्ता बीच छलफल गरी दोस्रो चौमासिक अवधिमा  भगवतीमाई गाउँपालिकाको सेवा प्रवाहका बारेमा जानकारी गराउन ज्वाला उ.मा.वि.को प्रांगडमा कार्यक्रम आयोजना गर्नका लागि सहमति भएको थियो ।

**ङ) सार्वजनिक सुनुवाई कार्यक्रम संचालन :**

सार्वजनिक सुनुवाई कार्यक्रम १ बजेदेखि ४:३० बजेसम्म संचालन गरिएको थियो ।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, जिल्ला समन्वय सदस्य,प्रमुख प्रशासकिय अधिकृत,शाखा प्रमुख,इन्जिनियर सवै वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरु, बिषयगत कार्यालयका प्रमुखहरु जवाफदेहि बत्ताका रुपमा उपस्थित भएका थिए ।

त्यस पश्चात ***अनुसुची १ मा*** उल्लेख भए बमोजिम आचारसंहिताको बारेमा जानकारी गराई अनुमोदन गराईएको थियो । प्रस्तुति पश्चात कार्यक्रमलाई आम नागरिक सेवाग्राहि र सेवा प्रदायक हरुबीच खुला बहस संचालन गराईएको थियो ।

नागरिकहरुले राखेका गुनासाहरुको सम्बोधन गर्नका लागि सहजकर्ताको सहजीकरणमा जवाफदेहि निकायहरुबाट आएको चित्तबुझ्दो जवाफको आधारमा कार्यक्रम स्थलमै साझा प्रतिबद्धताहरु समेत गरिएको छ ।

**च) सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :**

सार्वजनिक सुनवाइमा उठेका मुख्य सवालहरु कार्यविधिले तोकेको ढाँचा अनुसार प्रतिबेदनम समाबेश गरिएको छ ।

**छ) प्रतिवद्धताहरुको सार्वजनिकिकरण :**

सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएपछि उठेका सवाल वा बिषयहरु र सोधिएका प्रश्नहरुका बारेमा जवाफदेहि बत्ताहरुले दिएका उत्तरहरु र गरेका बाचाहरुलाई प्रतिबद्धताको रुपमा लिपिबद्ध गरिएको छ । प्रतिवद्धताको विवरण यसै रिर्पोटमा राखीयको छ  ।

**४. सेवाग्राहिहरुको उपस्थिती संख्या :**

जवाफदेहि वक्ता र नागरिकहरु गरि १९३ जना उपस्थिती रहेको थियो ।

**५. जवाफदेहि बक्ताहरुको उपस्थिती :**

भगवतीमाई गाउँपालिकाले जनप्रतिनिधि पाएपछि गरिएका कामहरुको पहिलो पटक सार्वजनिक सुनुवाई कार्यक्रम भएकोले त्यती धेरै गुनासाहरु नआएकोभएपनि गाउँपालिकाले पहिलोपटक गरेको कार्यक्रममा सहभागिहरुले गाउँको बिकासको खाका तयार गर्न सकारात्मक सुझावहरु दिएका छन् ।

## ७. सबल पक्षहरु :

- दैलेखमा रहेका ७ वटा गाउँपालिका मध्ये भगवतीमाई गाउँपालिका दोस्रो हुनाले पनि सार्वजनिक सुनुवाईको आयोजना गर्नुमा सकारात्मक सन्देश प्रवाह भएको छ ।
- स्थानीय जनताहरुले हाकाहाकी बहस गर्ने अवसर प्रदान गर्नुका साथै आएका सुझावहरुलाई आगामी दिनहरुमा लागु गर्ने भगवतीमाई गाउँपालिकाले ९ बुदे साझा प्रतिबद्धता गरीयको छ ।
- आम नागरिकको बृहत् सहभागिताका लागि स्थानीय संचार माध्यमहरुको उपयोग गरिएको छ ।
- सार्वजनिक सुनुवाई कार्यविधिमा प्रावधान भएका विधि र प्रक्रियाहरुको कार्यान्वयन भएको छ ।
- गाउँपालिकामा भएका ठूला बिकास निर्माणबारे थप चर्चा परिचर्चा भएको छ ।
- भगवतीमाई गाउँपालिकाले १४ वटा ऐन नियमावली पारीत गरेको र राजपत्र सहीत विमोचन गरेकोले कर्णाली प्रदेशको एक नमुना भगवतीमाई गाउँपालिका भनेर चिनिने अबस्थामा देखीन्छ।
- शिक्षालाई प्रभावकारी र गुणस्तरीय रुपमा संचालन गर्न विद्यालय समायोजन र शिक्षक दरबन्धि मिलान तथा थप शिक्षक को व्यबस्थापन गरीयको जानकरी हुनु

## ८. सुधारका लागि सुझाव :

- सार्वजनिक सुनुवाई लाई निरन्तरता सँगै प्रतिबद्धता कार्यान्वयन जरुरी ।
- ठूला बिकास निर्माणका कामहरु खरीद सामाग्रीहरुमा देखिएका समस्याहरु समाधान गर्नुपर्ने ।
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा प्रावधान भए अनुसार लक्षित वर्गको क्षेत्रमा विनियोजन गर्नुपर्ने रकम र सो को प्रभावकारीताका बारेमा आगामी दिनहरुमा ख्याल गर्नुपर्ने ।
- गाउँपालिकामा अभाव देखिएको जनशक्तिका बारेमा गाउँपालिकाले पहल थाल्नुपर्ने ।
- गाउँपालिका दोस्रोगाउँसभा बाट निर्णय भएबमोजिम आ.व ०७५/०७६ देखि १५ लाख भन्दा माथिका भौतिक पूर्वाधारजन्य योजनाहरुको वोलपत्रको माध्यमबाट संचालन गर्ने निर्णयलाइ प्रभावकारि रुपमा कार्यान्वयनमा लैजाने।
- सार्वजनिक सुनुवाई जनताका गुनासा सुन्ने र साझा चौतारीमा सहजता खोज्ने महत्वपुर्ण स्थान भएकोले सबैको सहभागिता सुनिश्चित गराउनुपर्ने ।
- भगवतीमाई गाउँपालिकाले तयार गरीयका ऐन निएमको पुर्ण पालना गर्न सहजिकरण गर्ने
- उपभोक्ता समिति गठन पक्रीयालाइ समावेशि,पारदर्शि बनाउने ।

## १०. निष्कर्ष :

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को मर्म अनुरुप हरेक स्थानीय सरकार जनताप्रति जवाफदेहि हुनुपर्ने अवस्था देखिएको छ ।

बिकास गतिविधिका नाममा राजनीतिक आरक्षण र कार्यकर्ता पालन पोषणका लागि खर्च गर्ने प्रवृती स्थानीय निकायका सरकार प्रमुखहरुले रोक्नुपर्ने देखिन्छ ।

नीति विधि र प्रक्रिया मिचेर रकम खर्च गर्ने परीपाटीको अन्त्य गर्दै जनताको चाहना अनुसारका बिकास गतिविधिहरु संचालन गर्दै पारदर्शीता र दिगोपनाका लागि सवै जिम्मेवार निकायहरु सचेत हुनुपर्ने देखिन्छ ।

**तस्विरहरु**




:

प्रश्न तथा जिज्ञासको जवाफ दिदै गाउंपालीका अध्यक्ष श्री दान बहादुर थापा र लेखापाल प्रकाश नेलाली




सहभागीहरुको प्रश्नको बारेमा जानकारी गर्दै सहजकर्ता बिष्णु शर्मा










जिज्ञसा संकलन गर्दे सहजकर्ता सि.पि.शर्मा

सहभागीहरुको प्रश्नको जवाफ दिर्दे

प्रमुख प्रशासकिय अधिकृत श्री भिम बहादुर बुढा


सार्वजनिक सुनुवाई कार्यक्रम













महिला सहभागी आप्ना जिज्ञासा राख्दै मिना खडका थापा र चाउरो कामी



प्रतिबद्धताहरु प्रस्तुत गर्दै सुशासन सहजकर्ता बिष्णु शर्मा र सि.पि.शर्मा

प्रतिबेदक

सि.पि.शर्मा

सहजकर्ता

अनुसुची २

*-भगवतीमाई गाउँकार्यपालिका, दैलेख र विषयगत कार्यालयबाट प्रवाह गरिएको गुणस्तरीय विकास कार्यकम र सेवा सुविधाको प्रभावकारिता-* विषयक सार्वजनिक सुनुवाई कार्यकमको

## साझा सार्वजनिक प्रतिवद्धताको घोषणा

२०७५ साल जेष्ठ महिना १४ गते

*भगवतीमाई गाउँकार्यपालिका कर्णली प्रदेश नेपाल* दैलेख

स्थानीय निकाय लगायत सार्वजनिक निकाय वा सस्थाहरुले प्रबाह गर्ने बस्तु, सेवा र सुविधाको प्रभावकारिताका बारेम सरोकारवालाहरुलाई जानकारी दिने, खुला मञ्चमा साझा सवालहरुमा बहस, पैरबी गर्ने पद्धतिको विकास गर्ने, लक्षित वर्ग र सेवाग्राही प्रति जबाफदेहि र पारदर्शि भएको बोध गराउने, पारदर्शि शासन व्यवस्था, उत्तरदायी प्रशासन यन्त्र सहभागितामुलक पद्धति र निर्बाध रुपमा सूचनाको पहुंचको प्रत्याभुति गराउन, समुदायका लागि गरिएका कार्यहरुमा समुदायको अपनत्वको भावना जागृत गराउन, अधिकारवाला र सर्वसाधारण नागरिकका बीच आपसी अविस्वास, असन्तुष्टि र बेमेलका कुराहरुका बारेमा खुला छलफल गरी अविस्वासको दुरीलाई घटाउने, समुदायको पहरेदारी बृद्धि गराउने र सार्वजनिक सेवा प्रबाहलाई चुस्त, दुरुस्त पार्नका लागि पृष्ठपोषण लिने उद्धेश्यका साथ आज मिति **२०७५ जेष्ठ १४** गतेका दिन **भगवतीमाई गाउँपालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष ०७४/०७५ को दोस्रो चौमासिक अवधि सम्म प्रवाह गरिएको गुणस्रीय विकास कार्यकम र सेवा सुविधाको प्रभावकारिता** विषयक सार्वजनिक सुनुवाई कार्यकम युवा जनशक्ति विकास तथा परीचालन केन्द्र नेपाल दैलेखको प्राविधिक सहकोगमा संचालीत कार्यक्रमको सहजिकरण **सुशासन अभियानकर्ता श्री विष्णुप्रसाद शर्मा**ले सम्पन्न गर्नु भयो । कार्यकममा १३५....... जना भन्दा बढी सरोकारवाला र सहभागिहरु बीच वृहत् रुपमा खुला छलफल गरी तपसिल बमोजिमका साझा प्रतिवद्धताहरुको घोषणा गरेका छौ । यी साझा प्रतिवद्धताहरुको कार्यान्वयन गर्नुलाई हामीले आफ्नो पूर्ण जबाफदेहिता ठानेका छौ ।

<u>प्रतिवद्धताहरु तपसिल</u>

**प्रतिवद्धता नं. १:** गाउँकार्यपालीका मार्फत सम्पन्न गर्न बाँकी रहेका सबै योजनाहरुको होर्डिङ बोर्ड राखगर्ने भूक्तानिका प्रभावबाटी अनुगमन सामाजिक परिक्षण, सार्वजनी सुनाई गरे पश्चात भुक्तानी दिने छौं; र गुणस्तरियता र कार्यान्वयनमा ध्यान दिने साझा प्रतिवद्धता गर्दछौं।

**प्रतिवद्धता नं. २:** गाउँकार्यपालीकामा आवश्यक रहेको सार्वजनिक सौचालय व्यवस्थापनका लागी आगामी वर्षमा व्यवस्थापन गर्न प्रति गर्दछौं।

प्रतिवद्धता नं. ३: वडा नं. ३ को वडा कार्यालयको विपालको सन्धर्वस्था थप भगवतीमाई गाउँकार्यपालिकाको बैठक पछी छिटोभन्दा छिटो तिरासकोहुन पहल गर्ने हाम्रा प्रतिवद्धता गर्दछौं।

प्रतिवद्धता नं. ४: यस भगवतीमाई गाउँकार्यपालिकाको नागरिक वडा पत्र बाहिर सबै सेवाग्राहीले देखीने गरी हाँस गरी गुनासो सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउनेछौं।

प्रतिवद्धता नं. ५: यस गाउँपालिकाको मदिरा नियन्त्रण अभियान लाई थप प्रभावकारी बनाउन आम नागरिक र गाउँकार्यपालिका सहकार्यमा प्रभावकारी काम नीति निर्माणमा रही काम गर्ने छौं।

प्रतिवद्धता नं. ६: गाउँ कार्यपालिका बाट विनियोजित हुने लक्षित वर्गका रकमहरु र कृषि, पशु लगायतका अन्य रकमहरुको कार्यक्रमका लागी वस्तीस्तर बाट आएका योजनाहरुको प्राथमिकता लाई प्रभावकारी कार्यान्वयन गर्ने छौं।

प्रतिवद्धता नं. ७: यस गाउँकार्यपालिका बाट संचालन हुने सबै किसिमका योजनाहरुको सम्झौताहरु निर्धारित समयमा गरि आगामी आ.व. २०७८/०७९ को योजनालाई थप प्रभावकारी बनाउने हाम्रो प्रतिवद्धता जाहेर गर्दछौं।

**प्रतिवद्धता नं. ८:** यस सार्वजनिक प्रसुताई कार्यक्रमा आएका सम्पूर्ण सुत्केरी लाई मध्यनजर गरी सूचना प्रविधि सेवा प्रवाह गर्ने, जनगुनासो सुनुवाई लाई व्यवस्थापन गर्ने र गाउँ प्रोफाईल र गाउँपालीका रणनीतिक योजना निर्माण लाई आ.व. २०७८/०७९ मा प्राथमिकतामा राखी तयार गर्ने सामा प्रतिबद्धता गर्दछौं।

**प्रतिवद्धता नं. ९** यस गा.पा. अन्तरगत रहेका सामाजिक संघ संस्था विभिन्न उपभोक्ता मार्फत देखीएको बेरुजु नियमित तथा असुल उपर फर्छ्यौटका लागी आगामी आ.व. मसान्त सम्म ~~भरी~~ बेरुजु फर्छ्यौट का लागी प्रक्रिया थालनी गर्ने छौं।

**प्रतिवद्धतामा हस्ताक्षर गर्नेहरुः**

| | | |
|---|---|---|
| भगवतिमाई गाउपालीका<br>अध्यक्ष<br>श्री दान बहादुर थापा | भगवतिमाई गाउपालीका<br>उपाध्यक्ष<br>श्री चन्द्रा रेग्मी | जिल्ला समन्वय समितिका<br>सदस्य<br>श्री नन्द बहादुर खडका |
| भगवतिमाई गाउपालीका<br>प्र.प्र.अधिकृत<br>श्री भिम बहादुर बुढा | भगवतिमाई गाउपालीका<br>स्वस्थ्य इन्चार्ज<br>श्री नगेन्द्र हमाल | भगवतिमाई गाउपालीका<br>लेखापाल<br>श्री प्रकाश नेपाली |

| | | |
|---|---|---|
| भगवतिमाई गाउपालीका<br>इन्जिनियर<br>श्री शैलेश शर्मा | भगवतिमाई गाउपालीका<br>कृषि शाखा प्रमुख<br>श्री टेक बहादुर राना | भगवतिमाई गाउपालीका<br>पशु शाखा प्रमुख<br>श्री भिम चलाउने |
| भगवतिमाई गाउपालीका वाडनं १ का<br>वार्ड अध्यक्ष<br>श्री मान बहादुर बुढा | भगवतिमाई गाउपालीका<br>वाडनं २ का वार्ड अध्यक्ष<br>श्री कर्ण बहादुर शाही | भगवतिमाई गाउपालीका वाडनं ३ का<br>वार्ड अध्यक्ष<br>श्री दान बहादुर खडका |
| भगवतिमाई गाउपालीका वाडनं ४ का<br>वार्ड अध्यक्ष<br>श्री कृण्ण बहादुर थापा | भगवतिमाई गाउपालीका वाडनं ५का<br>वार्ड अध्यक्ष<br>श्री कृण्ण बहादुर शाही | भगवतिमाई गाउपालीका वाडनं ६का<br>वार्ड अध्यक्ष<br>श्री बिर शंकर रोकाया |
| भगवतिमाई गाउपालीका वाडनं ७<br>का वार्ड अध्यक्ष<br>श्री रत्न बहादुर शाही | | |